# SAVE YOUR LIFE INFO

NAKA WARD


यहाँ नागोया नगर नाका वार्डमा आनन्दसँग बस्नका लागि आवश्यक नियमहरूका बारेमा लेखिएको छ।

तपाईंले फोहोर फाल्ने ठाउँमा छिमेकीहरूसँग कुराकानी गर्दा, रमाइलो हुने मात्र नभएर, प्राकृतिक प्रकोप आइलाग्दा सहयोग मिल्न सक्ने पनि हुनसक्छ।

जहिले पनि राम्रो कुराकानी गर्नुहोला।

## ट्राफिक नियम


मोटरगाडी, मोटर साइकल तथा साइकल देब्रे पट्टिबाट गुड्नुपर्ने|
पैदल हिड्नेले दाहिने पट्टिबाट अगाडि बढ्ने|
रक्सी पिएर मोटरगाडी चलाउन हुँदैन।
मोटरगाडी तथा साइकल बीमा गरौं।



## घर पालुवा जनावर

कुकुर पाल्ने बेला स्वास्थ्य केन्द्रमा त्यसको दर्ता गराउनुहोला।
रेबिज रोग प्रतिरोधको खोप अनिवार्य रूपमा लिनुहोला।
विस्तृत जानकारीको लागि नाका स्वास्थ्य केन्द्रमा सम्पर्क राख्नुहोला।

☎052-265-2257





## प्राकृतिक प्रकोपको रोकथाम

http://www.city.nagoya.jp/kankobunkakoryu/cmsfiles/contents/0000083/83672/bousai-tirashi-eng.pdf




## ३ दिन सम्मको खाद्य सामाग्रीको भण्डार

भाग्ने बेलामा लिएर जान चाहने सामानहरू झोलामा समेटेर, तुरुन्त निकाल्न सकिने स्थानमा राखौं।



## भुकम्पको बारेमा

१ टेबुलको तल पट्टि भाग्नुहोला।
२ कम्पन रोकिए पछि आगो (ग्यास) निभाउनुहोला।
३ भाग्नुहोस्।



## आफ्नो सहायता आफैले गर्ने बारेमा

प्राकृतिक प्रकोप आइलाग्दा आफ्नो सुरक्षा आफैले गर्ने गरौं।



## फोहोर मैला

फोहोर फाल्ने दिन, फोहोरका किसिम अनुसार फरक फरक तोकिएको हुन्छ। (छिमेकमा त्यो तोकिएको हुन्छ, वर्यावरण व्यवसाय संस्थामा सोध्नुहोला।)
फोहोर फाल्नुपर्दा फोहोर फाल्ने दिन बिहान ७ बजे सम्ममा फाल्नुहोला।




बिहानीको अभिवादन गरौं।



फोहोर फाल्ने झोला पनि तोकिएको छ।

फोहोर फाल्ने दिनको बारेमा '3R' एप्लीमा पनि हेर्न सकिन्छ।

## जलाउने फोहोर

सागसब्जी, खाद्य पदार्थ तथा जलाउन सकिने फोहोरलाई जलाउने फोहोर भनिन्छ।

(कुनै एक कोण ३० सेन्टिमिटर भन्दा ठुलो काम नलाग्ने सामानहरु, ठुला आकारका काम नलाग्ने फोहोरमा पर्छन्। 'जलाउने फोहोर' को दिनमा नफाल्नुहोला।)







पेय पदार्थका प्लास्टिक बोटल

तोकिएको झोलामा हालेर फाल्नुहोला!

फोहोर सङ्कलन गरिने दिनको निश्चय गरि छनौट गर्नुहोला।

Mon Thu

Tue Fri

## नजलाउने फोहोर

नजलाउने फोहोरलाई यसो भनिन्छ।

(कुनै एक कोण ३० सेन्टिमिटर भन्दा ठुलो काम नलाग्ने सामानहरु, ठुला आकारका काम नलाग्ने फोहोरमा पर्छन्। 'नजलाउने फोहोर' फाल्ने दिनमा नफाल्नुहोला।)




तोकिएको झोलामा हालेर फाल्नुहोला!

फोहोर सङ्कलन गरिने दिनको निश्चय गरि छनौट गर्नुहोला।

Mon | Tue | Wed | Thu | Fri

## पेय पदार्थका प्लास्टिक बोटल

पुन: प्रयोग गर्न सकिने फोहोर हो।

PET




तोकिएको झोलामा हालेर फाल्नुहोला!

फोहोर सङ्कलन गरिने दिनको निश्चय गरि छनौट गर्नुहोला।

Mon | Tue | Wed | Thu | Fri

## खाली शिशी बोटल

पुन: प्रयोग गर्न सकिने फोहोर हो।तोकिएको स्थानमा रहेको निलो रङको बाकसमा हाल्नुहोला।



## खाली क्यान

पुन: प्रयोग गर्न सकिने फोहोर हो।




तोकिएको झोलामा हालेर फाल्नुहोला!

फोहोर सङ्कलन गरिने दिनको निश्चय गरि छनौट गर्नुहोला।

Mon | Tue | Wed | Thu | Fri

फोहोरको किसिम छुट्याउने एप्ली '3R'

## विष्फोटन गराउने खतरनाक बस्तु




तोकिएको झोलामा हालेर फाल्नुहोला!

फोहोर सङ्कलन गरिने दिनको निश्चय गरि छनौट गर्नुहोला।


Mon Thu

Tue Fri

## ठुला आकारका काम नलाग्ने फोहोर हुन्।

कुनै एक कोण ३० सेन्टिमिटर भन्दा ठुलो काम नलाग्ने सामानहरु, ठुला आकारका काम नलाग्ने फोहोरमा पर्छन्। ठुला आकारका फोहोर फाल्नका लागि शुल्क लाग्छ। निवेदन दिए पछि मात्र फाल्नुहोला।

☎052-950-2581
0120-758-530




## भोज पार्टी

जापानी घर साना हुन्छन अनि छिमेकीको घर पनि नजिकै हुन्छ।
ठुलो आवाज निकाल्ने तथा ठुलो स्वरले कुराकानी गर्ने भोज पार्टी नगरौं।



## नागोया अध्यागमन विभाग

ठेगाना: आइचि अञ्चल नागोया नगर मिनातो वार्ड स्योहोउ च्यो ५-१८
आओनामी ट्रेन लाइन'नागोया क्योबाज्यो माय'स्टेशन बाट हिडेर १ मिनेट

☎052-559-2150

http://www.immi-moj.go.jp/english/soshiki/kikou/nagoya.html

## सि एल ए आइ आर

दैनिक जीवनका जानकारीहरू बहुभाषामा उपलब्ध गराइँदै आएको छ। एप्ली उपलब्ध छ।

http://www.clair.or.jp/tagengo/

## ए आइ ए

आइचि अञ्चल भित्र बस्ने विदेशीको सपोर्ट सम्बन्धी जानकारीहरूको उपलब्ध गराइँदै आएको छ!

http://www2.aia.pref.aichi.jp/

## नागोया अन्तराष्ट्रिय केन्द्र

विदेशीका निमित्त विभिन्न सर्विसहरू प्रदान गरिंदै आएको छ।

http://www.nic-nagoya.or.jp/en/e/our-services/information-services

## नागोया अन्तराष्ट्रिय केन्द्र (प्राकृतिक प्रकोप नियन्त्रण)

आकस्मिक अवस्थामा सुचनाहरू निकाल्दै आएको छ।

http://www.nic-nagoya.or.jp/saigai/

## नागोया अन्तराष्ट्रिय केन्द्र (अस्पताल)

विदेशी भाषा बुझ्ने डाक्टर भएको अस्पतालको परिचय

☎052-581-0100




## अपराध तथा ट्राफिक दुर्घटना भएको अवस्थामा

☎110




## आगलागी तथा बिमारी हुँदा

☎119




SAVE YOUR LIFE INFO
ネパール語

Nagoya, UNESCO City of Design

http://www.city.nagoya.jp/naka/

NAGOYA NAKA WARD OFFICE
1-1, Sannomaru 3-chome, Naka-ku, Nagoya, 460-8508
☎052-241-3601

# SAVE YOUR LIFE INFO

## NAKA WARD

घरबाट निस्केर शहरको यताउती घुम्ने हेर्ने बानी गरि सङ्कटकालिन अवस्थामा आश्रय लिने कहाँ हो निश्चित गरिराख्नुहोला।

प्रस्तावना

सङ्कटकालिन अवस्थामा आश्रय लिनका लागि तोकिएको ठाउँ
भूकम्प आउँदा तथा ठुलो आगलागी हुँदा आश्रय लिनका लागि तोकिएको स्थान हो। ठुलो आगलागीबाट आश्रयका लागि आउनेको ज्यान जोगाउनको लागि रिक्त स्थान भएको पार्क वा चौर आदि

सङ्कटकालिन अवस्थामा आश्रय लिनका लागि तोकिएको ठाउँ
ज्यान जोगाउनको लागि, प्राकृतिक प्रकोपको खतरबाट सबभन्दा पहिले भागेर आश्रय लिने स्थान

पर्यटनिक स्थल


नागोया नगर प्राकृतिक प्रकोप नियन्त्रण प्रधान कार्यालय तथा नाका वार्ड प्रधान कार्यालय
नाका वडा कार्यालय
प्राकृतिक प्रकोपका बेलामा सम्पर्क
tel.052-241-3601 tel.052-265-2207
यो म्यापको बारेमा सम्पर्क गर्ने ठाउँ
tel.052-265-2221




〔 नागोया दरबार 〕
दरबारको छानाको माथिल्लो भागमा सुनको माछो गोल्डेन डल्फिन फिस छ। नागोयाको प्रतिक मध्यको एक हो।



〔 नागोया नो राकु दो 〕
जापानको परम्परागत कलाको रुपमा रहेको नो तथा क्योगेनको आयोजना हुन्छ।



〔 आइचि अञ्चल पुस्तकालय 〕
विदेशीहरूका लागि बहु संस्कृतीको परिचय कक्ष पनि छ।



〔 नागोया नगर कार्यालय भवन 〕
(प्रधान कार्यालय)
दरबार जस्तो छानो यसको विशेषता हो। यसको शिरको चार दिशामा गोल्डेन डल्फिन फिस चढेको छ। राष्ट्रको साकार सांस्कृतिक सम्पदाको रुपमा रहेको छ।




〔 नागोया टेलिभिजन टावर र हिसाया ओदोरी पार्क 〕
नागोया टेलिभिजन टावर, स्योवा २९ सालमा स्थापना भइ कार्य सञ्चालन भएको हो। नागोयाको प्रतिक मध्यको एक हो।



〔 आइचि कला संस्कृति केन्द्र 〕
(आइचि अञ्चल संग्रहालय, आइचि अञ्चल कला रङ्गमञ्च, आइचि अञ्चल संस्कृति सुचना केन्द्र)
नागोया शहरको केन्द्रमा रहेको अखिल संस्कृति संस्था हो। असली तथा भव्य ओपेरा नाटकको प्रदर्शनका लागि आवश्यक साधन सुविधा यहाँ उपलब्ध छ।



〔 ओसिस २१ 〕 (साकाए पार्क)
पार्क वा बस टर्मिनल आदि रहेको संयुक्त संस्था हो र सपिङ तथा इभेन्ट आदिबाट मनोरञ्जन लिन सकिन्छ। विशेष किसिमको आकार भएकोले, हालका बर्षहरूमा विदेशीहरूमा फोटो खिच्न लोकप्रिय स्थान बनेको छ।






〔 नागोया नगर विज्ञान संस्थान 〕 (सिराकावा पार्क भित्र)
भित्री व्यास ३५ मिटरको र गिनेज बुकमा दर्ता(सन् २०१७साल डिसेम्बरको समयमा) गरिएको विश्वमा सबभन्दा ठुलो प्लानेटरियम यहाँ छ।



〔 नागोया नगर संग्रहालय 〕 (सिराकावा पार्क भित्र)
स्थानिय ललित कलामा केन्द्रित भएका रचनाहरूको प्रदर्शनी तथा विशेष प्रदर्शनीको आयोजना गरिदैआएको छ।



〔 हिसाया ओदोरी पार्क फुरारिए 〕
यो,६ वटा थिम गार्डेन र रेस्टुरेन्ट, कफी सप, फ्लावर सप आदि रहेको बगैंचा हो। प्रवेश निशुल्क



〔 ओसु कानोन 〕
पहिला यो मिनोको ओसुमा थियो तर तोकुगावा इययासुको आदेशले हाल रहेको स्थानमा सारिएको हो।